## १४ औं गाउँ सभा (वर्षे अधिवेशन)

आज मिति २०८१ साल असार १० गते सोमबारका दिन गाउँपालिकाका अध्यक्ष एवं गाउँ सभाका सभाध्यक्ष श्री लोक बहादुर मुक्तानज्यूको अध्यक्षतामा सभाका सदस्यहरुको उपस्थितिमा १४ औं गाउँ सभाको वर्षे अधिवेशनको बैठक वसी देहायका विषय एवं प्रस्तावहरु उपर छलफल गरी निम्नानुसार निर्णय गरियो।

**उपस्थिति:**

| सि.नं. | पदाधिकारीको नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री लोक बहादुर मुक्तान | अध्यक्ष | |
| २ | श्री बाल कुमार मल्ल ठकुरी | उपाध्यक्ष | |
| ३ | श्री तेज बहादुर ब्लोन | वडा अध्यक्ष, १ नं. वडा | |
| ४ | श्री राजेन्द्र तामाङ घिसिङ | वडा अध्यक्ष, २ नं. वडा | |
| ५ | श्री देव लाल बल | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६ | श्री तिलक बहादुर मुक्तान | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७ | श्री छेकु लामा | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८ | श्री राम बहादुर गोम्बा | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९ | श्री उदास कुमार भोलन | वडा अध्यक्ष, ७ नं. वडा | |
| १० | श्री आशिष प्रजा | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११ | श्री भुवन सिं घलान | वडा अध्यक्ष, ९ नं. वडा | Bhuvan. |

| | | | |
|---|---|---|---|
| १२ | श्री सूर्य बहादुर ब्लोन | वडा अध्यक्ष, १० नं. वडा | |
| १३ | श्री दिल माया प्रजा | कार्यपालिका सदस्य | |
| १४ | श्री सुन्तली सुनुवार | कार्यपालिका सदस्य | |
| १५ | श्री बुद्धिलाल सुनार | कार्यपालिका सदस्य | |
| १६ | श्री सम्झना गोले | कार्यपालिका सदस्य | |
| १७ | श्री गोरीमाया वुलुन | कार्यपालिका सदस्य | |
| १८ | श्री राम माया प्रजा | कार्यपालिका सदस्य | |
| १८ | श्री मैना माया थिङ | महिला सदस्य, १ नं. वडा | |
| १९ | श्री चमेली कामी | दलित महिला सदस्य, १ नं. वडा | |
| २० | श्री हिरा बहादुर घलान | खुल्ला सदस्य, १ नं. वडा | |
| २१ | श्री सानु कान्छा मुक्तान | खुल्ला सदस्य, १ नं. वडा | |
| २२ | श्री फुल माया सुनार | दलित महिला सदस्य, २ नं. वडा | |
| २३ | श्री सूर्य बहादुर स्याङतान | खुल्ला सदस्य, २ नं. वडा | |
| २४ | श्री इमान सिं मुक्तान | खुल्ला सदस्य, २ नं. वडा | |
| २५ | श्री निरमाया सुनार | दलित महिला सदस्य, ३ नं. वडा | |

| | | | |
|---|---|---|---|
| २६ | श्री राम सिं गोले | खुल्ला सदस्य, ३ नं. वडा | |
| २७ | श्री बीर बहादुर गोङ्बा | खुल्ला सदस्य, ३ नं. वडा | |
| २८ | श्री सम्झना गोले | महिला सदस्य, ४ नं. वडा | |
| २९ | श्री एलिसा सुनार | दलित महिला सदस्य, ४ नं. वडा | |
| ३० | श्री रविन्द्र सिन्तान | खुल्ला सदस्य, ४ नं. वडा | |
| ३१ | श्री निमराज प्रजा | खुल्ला सदस्य, ४ नं. वडा | |
| ३२ | श्री दुदु कुमारी मुक्तान | महिला सदस्य, ५ नं. वडा | |
| ३३ | श्री राधिका विश्वकर्मा | दलित महिला सदस्य, ५ नं. वडा | |
| ३४ | श्री मान बहादुर पाखिन | खुल्ला सदस्य, ५ नं. वडा | |
| ३५ | श्री टेक बहादुर लो | खुल्ला सदस्य, ५ नं. वडा | |
| ३६ | श्री पार्वती माया मुक्तान | महिला सदस्य, ६ नं. वडा | |
| ३७ | श्री क्यू कुमारी रसाइली | दलित महिला सदस्य, ६ नं. वडा | |
| ३८ | श्री श्री शम्भू अर्यालय | खुल्ला सदस्य, ६ नं. वडा | |
| ३९ | श्री जित बहादुर थिङ | खुल्ला सदस्य, ६ नं. वडा | |
| ४० | श्री कुमारी माया तामाङ | महिला सदस्य, ७ नं. वडा | |

| | | | |
|---|---|---|---|
| ४१ | श्री उद्धव माया दर्जी | दलित महिला सदस्य, ७ नं. वडा | |
| ४२ | श्री मान बहादुर चेपाङ | खुल्ला सदस्य, ७ नं. वडा | |
| ४३ | श्री प्रेम बहादुर थिङ | खुल्ला सदस्य, ७ नं. वडा | |
| ४४ | श्री मित्र कुमारी मुक्तान | महिला सदस्य, ८ नं. वडा | |
| ४५ | श्री सेती माया सुनार | दलित महिला सदस्य, ८ नं. वडा | |
| ४६ | श्री विविराज थिङ | खुल्ला सदस्य, ८ नं. वडा | |
| ४७ | श्री हिरालाल लोप्चन | खुल्ला सदस्य, ८ नं. वडा | |
| ४८ | श्री विविमाया विश्वकर्मा | दलित महिला सदस्य, ९ नं. वडा | |
| ४९ | श्री ज्ञान बहादुर घलान | खुल्ला सदस्य, ९ नं. वडा | |
| ५० | श्री सानुकान्छा स्याङतान | खुल्ला सदस्य, ९ नं. वडा | |
| ५१ | श्री जुनसरी राई | महिला सदस्य, १० नं. वडा | |
| ५२ | श्री विमला सुनार | दलित महिला सदस्य, १० नं. वडा | |
| ५३ | श्री दिनेश कुमार थिङ | खुल्ला सदस्य, १० नं. वडा | |
| ५४ | श्री प्रताप सिं वाइवा | खुल्ला सदस्य, १० नं. वडा | |
| ५५ | श्री विनोद रोका | प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव) | |

**<u>छलफलका विषय एवं प्रस्तावहरुः</u>**

१. आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम सम्बन्धमा।

२. आर्थिक विधेयक, २०८१ सम्बन्धमा।

३. विनियोजन विधेयक, २०८१ सम्बन्धमा।

४. मध्यमकाली खर्च संरचना, २०८१ सम्बन्धमा।

५. बेरुजु नियमित गर्ने सम्बन्धमा।

६. कार्यपालिकाको निर्णयबाट विनियोजन भएका बजेट तथा कार्यक्रमहरुको अनुमोदन सम्बन्धमा।

७. विविध।

निर्णयहरु:

निर्णय नं. १ कार्यपालिकाको मिति २०८१/३/८ को बैठकको निर्णयानुसार १४ औं गाउँ सभामा पेश हुन आएको आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम, योजना र बजेटलाई सभामा भएको छलफल, संशोधन तथा थपको आधारमा परिमार्जन गरी नीति तथा कार्यक्रम, योजना र बजेट सर्वसम्मतले पारित गर्ने निर्णय गरियो।

त्यसैगरी गाउँपालिकाको स्वीकृति लिई गाउँपालिका तथा विभिन्न वडाहरुमा कार्यक्षेत्र बनाई कार्यरत संघसंस्थाहरुबाट पेश हुन आएका आगामी आर्थिक वर्ष २०८१/०८२ मा सञ्चालन गरिने योजना तथा कार्यक्रमहरु समेत पारित गर्ने निर्णय गरियो।

निर्णय नं. २ कैलाश गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर, दस्तुर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्ने सम्बन्धी आर्थिक विधेयक, २०८१ को स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. ३ कैलाश गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्ने सम्बन्धी विनियोजन विधेयक, २०८१ स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. ४ कार्यपालिकाको बैठकको निर्णयानुसार गाउँ सभामा पेश हुन आएको मध्यमकालीन खर्च संरचना (MTEF), आर्थिक वर्ष २०८१/०८२-२०८३/०८४ स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. ५ यस कैलाश गाउँपालिकाको चालु आ.व. २०७४/७५ देखि आ.व. २०७९/८० सम्म कायम भएका बेरुजुहरु मध्ये प्रचलित कानुनको रीत पुऱ्याउनु पर्नेमा सो रीत सम्म नपुऱ्याई अनियमितता भएको/नियमित गर्नुपर्ने भनी महालेखा परीक्षकको कार्यालयबाट जारी गरिएको प्रतिवेदनमा उल्लेख भएको नियमित गर्नुपर्ने तपसिल बमोजिमको बेरुजु रकम लेखा समितिबाट कार्यपालिकामा पेश भई छलफल गरी गाउँ सभामा पेश हुन आएकोले देहायका वेरुजुहरु नियमित गर्ने निर्णय गरियो।

तपसिल

| आ.व. २०७५/७६ | | | | |
|---|---|---|---|---|
| क्र. सं | बे.द. नं | बेरुजुको संक्षिप्त व्यहोरा | बेरुजु रकम | फछ्र्यौटका कारण |

लोक बहादुर मुक्तान
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | | **खरिद प्याकेजः-** सार्वजनिक खरिद ऐन,२०६३ र नियमावाली,२०६४ मा व्यवस्था भएको ऐन नियमको अधिनमा रहि कार्यालयले वार्षिक खरिद योजना नबनाई साना ठुला सबै कार्यक्रममा प्रत्येकको छुट्टा छुट्टै रुपमा कार्यक्रम वाइज सोझै वा दररेट लिएर खरिद गरेकोले खरिद कार्य व्यवस्थित, कानुन सम्मत, मितव्ययी र प्रतिस्पर्धा भई पूर्णरुपमा सदुपयोग भयो भन्न सकिने अवस्था नदेखिएकोले अनियमित भएको। | १२५५५२६ | उक्त आ.व.मा दक्ष जनशक्ति न्युन रहेकोले खरिद योजना निर्माण भै नसकेको र भौगोलिक विकटाको कारणले आवश्यकता अनुसार सामाग्रि खरिद गरि कार्यालय संचालन गरेकोले टुक्रे खरिद भएको तर सरकारी सम्पतिमा कुनै किसिमको हानी नोक्सानी नभएको र अबको दिनमा उक्त कार्य सुधार गरि वार्षिक खरिद योजना बनाई ऐन नियमको अधिनमा रहि खर्च गर्ने गरि उक्त दफाको खर्च बेरुजु रकम गाउँसभाबाट समर्थन हुने गरि कार्यपालिकामा पेश गर्ने |
| . | ६.१ ८ | **परामर्शदाता खर्चः-** सार्वजनिक खरिद ऐन, २०६३ को नियम २९ मा सम्बन्धित सार्वनिक निकायमा उपलब्ध जनशक्तीबाट कुनै काम हुन नसक्ने भएमा सार्वजनिक निकायले कुनै व्यक्ती फर्म संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था रहेको छ । यसरी परामर्श सेवा खरिद गर्दा अर्थ मन्त्रालयको सार्वजनिक खर्चको मापदण्ड निर्देशिका, २०७५ अनुसार लागत अनुमान तयार गरि सार्वजनिक खरिद नियमावाली, २०६४ को नियम ७२ बमोजिम २० लाख भन्दा कम रकमको परामर्श सेवा मौजुदा सुचिमा रहेको परामर्शदाताहरुबाट लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरि पेश भएका प्रस्तावहरु मध्ये आर्थिक र प्राविधिक रुपमा प्रभावग्राही प्रस्ताव छनोट एवम् स्वीकृत गरि सम्झौता गर्नुपर्नेमा सो कार्य नगरि पालिकाले गाउँपालिकाको प्रोफाइल निर्माण गर्ने कार्य टुक्रे रुपमा मुकेश कुशवाहा र नेपाल विकास तथा अनुसन्धान केन्द्रसंग सम्झौता गरि कार्यालयलय थप व्यवभार सृजना भए नभएको सम्बन्धमा यथार्थ एकिन गरिनुपर्ने देखिएको रकम रु | ८००००० | उक्त आ.व.मा दक्ष जनशक्ति न्युन रहेकोले र भौगोलिक विकटाको कारणले आवश्यकता अनुसार पर्याप्त परामर्श दाताहरु सुचिकृत हुन नआएकोले टुक्रे खरिद भएको तर सरकारी सम्पतिमा कुनै किसिमको हानी नोक्सानी नभएको र अबको दिनमा उक्त कार्य सुधार गरि ऐन नियमको अधिनमा रहि खरिद गर्ने गरि उक्त दफाको खर्च बेरुजु रकम गाउँसभाबाट समर्थन हुने गरि पेश गर्ने |
| ३. | ८ | **बैठक भत्ताः-** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ४ ले पदाधिकारी तथा कर्मचारी बाहेकका सदस्य र सभाका सदस्यले न्यायिक समिति वा कुनै समितिको बैठकमा भाग लिए वापत अनुसुचि १ मा इजलासको बैठक विधायन समिति लेखा समिति सुशासन समितमा सदस्यलाई मात्र बढीमा १२ वटा बैठकको लागि भत्ता व्यवस्था गर्न सकिने व्यवस्था रहेकोमा पालिकाले विभिन्न समिति गठन गरि भत्ता लिएकोमा बैठक भत्तामा खर्च लेख्ने आधार नदेखिएको। | ९४५००० | कैलाश गाउँपालिकाको विभिन्न कार्यपालिकाको निर्णय अनुसार विविध समयका गठन भएको समितिहरुको लागि बैठक भत्ता वापतको रकम कैलाश गाउँपालकाको तालिम, गोष्टि, कार्यशाला, अध्ययन भ्रमण, पदाधिकारी तथा कर्मचारी इन्धन, टेलिफोन खर्च मापदण्डको दफा १६ बमोजिम खर्च लेखिएको र उक्त बैठकहरु कार्यालयको समय अघि र पछि मात्र बस्ने गरेकोले उक्त बेरुजु रकम गाउँसभाबाट समर्थन हुने गरि फछ्यौटको लागि पेश |
| ४. | ९. | **वितरणमुखी खर्चः-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ को खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धी व्यवस्थाको उपदफा ७ मा कार्यपालिकाको सभाबाट स्वीकृत सिमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न पाउने छैन भन्ने व्यवस्था रहेको साथै दफा ११ मा गाउँपालिकाको काम कर्तव्य र अधिकार तोकेको छ । उक्त कानुनमा वितरणमुखी कार्यक्रम भन्दा विकासात्मक गतिविधि तर्फ गाउँपालिकाको स्रोत परिचालन हुनुपर्ने उल्लेख गरिएकोमा पालिकाले नेपाल चेपाङ संघ, नेपाल मगर संघ, आमा समुह पुनर्गठन कार्यक्रम लगायत विभिन्न शीर्षकमा खर्च गरिएकोले थप व्यवभार परेको देखिन्छ। | २२३०००० | कैलाश गाउँपालिकाको समग्र मानव विकास सुचाङ्कलाई माथि उठाउने अवधारण सहित लक्षित समुहमा विनियोजन भएको र यस गाउँपालिकामा लोपउन्मुख जाति चेपाङ जातिको वहुलियता रहेको साथै अन्य विभिन्न जातिहरूको कला संकृति जगेर्ना गर्ने उद्देश्यले सो संग सम्बन्धित विभिन्न संघ संस्था संगको सहकार्यमा उक्त जातिहरुको आर्थिक, सामाजिक, संस्कृतिक लगायत अन्य क्षेत्रको विकास गर्ने उद्देश्यले कार्यक्रम संचालन गरेकोले उक्त खर्च गाउँसभाबाट समर्थन हुने गरि बेरुजु फछ्यौट गर्न पेश |
| ५. | ८.२ | **परामर्शदाता खर्चः-** सार्वजनिक खरिद ऐन, २०६३ को नियम २९ मा सम्बन्धित सार्वनिक निकायमा उपलब्ध जनशक्तीबाट कुनै काम हुन नसक्ने भएमा सार्वजनिक निकायले कुनै व्यक्ती फर्म संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था रहेको छ । यसरी परामर्श सेवा खरिद गर्दा अर्थ मन्त्रालयको सार्वजनिक खर्चको मापदण्ड निर्देशिका, २०७५ अनुसार लागत अनुमान तयार गरि सार्वजनिक खरिद नियमावाली, २०६४ को नियम ७२ बमोजिम २० लाख भन्दा कम रकमको परामर्श सेवा मौजुदा सुचिमा रहेको परामर्शदाताहरुबाट लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरि पेश भएका प्रस्तावहरु मध्ये आर्थिक र प्राविधिक रुपमा प्रभावग्राही प्रस्ताव छनोट एवम् | ४०३७१६४ | उक्त आ.व.मा दक्ष जनशक्ति न्युन रहेकोले र भौगोलिक विकटाको कारणले आवश्यकता अनुसार पर्याप्त परामर्श दाताहरु सुचिकृत हुन नआएकोले कतिपय कार्यक्रमहरु सोझै गर्नुपर्ने भएकोले सोझै सम्झौता गरि कार्यसम्पन्न भएको र उक्त कार्यक्रमको नतिजा पनि सकरात्मक नै आएकोले सरकारी सम्पतिमा कुनै किसिमको |

| | | | | |
|---|---|---|---|---|
| | | स्वीकृत गरि सम्झौता गर्नुपर्नेमा सो कार्य नगरि पालिकाले गाउँपालिकाको विभिन्न कार्यक्रममा सोझौ प्रस्ताव पेश गरि भुक्तानि दिएको रकम नियमसंगत देखिएन। | | हानी नोक्सानी नभएको र अबको दिनमा उक्त कार्य सुधार गरि ऐन नियमको अधिनमा रहि खरिद गर्ने गरि उक्त दफाको बेरुजु रकम गाउँसभाबाट समर्थन हुने गरि पेश |
| | ९.४ | **सिकाई केन्द्र अनुदानः**- शिक्षा तथा मानव स्रोत विकास केन्द्र द्वार तयार गरिएको कार्यन्वयन पुस्तिका २०७५/७६ को क्रियाकलाप नं २.२५.११.७७९ मा नियमित रुपमा चलेको सामुदायिक सिकाई केन्द्रको व्यवस्थापन समितिले गरेको सिफारिस, निर्णय र स्थालगत निरीक्षण प्रतिवेदनका आधारमा हाजिरी प्रमाण प्राप्त भएपछि सामुदायिक सिकाई केन्द्रमा कार्यरत सामुदायिक परिचालकको रकम निकासा दिने र बाँकी रकम प्रस्तावका आधारमा निकासा दिने उल्लेख छ। गाउँपालिकाले नामटार सामुदायिक सिकाई केन्द्र, नामटारलाई रु २ लाख र गोगने सामुदायिक सिकाई केन्द्र, गोगनेलाई २ लाख गरि ४ लाख रुपैंया अनुदान निकासा दिएकोमा कार्यन्वयन पुस्तिकामा उल्लेख भए अनुसार सिकाई केन्द्र व्यवस्थापन समितिको सिफारिस र सामाजिक परिचालकको प्रमाणित हाजिरी वेगर निकासन दिएको रकम नियम सम्मत नभएको। | ४००००० | उक्त सामुदायिक सिकाई केन्द्रमा कार्यरत कर्मचारीहरुले नियमतित कामकाजमा खटिएको र २ मध्ये हाल गोगने सामुदायिक सेवा केन्द्र संचालनमा नभएको र नामटार सामुदायिक सेवा केन्द्रले हालसम्म नियमित सेवा प्रवाह गरिरहेकोले उक्त बेरुजु रकम गाउँसभाबाट समर्थन हुने गरि पेश |
| | | **आर्थिक वर्ष २०७७/७८** | | |
| १ | ३५ | **स्लाइसिङ्ः**- पालिकाले गत वर्ष २०७६/७७ मा स्टिल ट्रस भवन (कार्यालय) र स्टिल ट्रस स्टाफ क्वाटर भवन निर्माण कार्य एउटै स्थानमा (कार्यालय परिसरमा) सार्वजनिक खरिद नियमावाली २०६४ को नियम ३१ वमोजिम बोलपत्रको माध्यमबाट गर्नुपर्नेमा रु २३१४५०३।— का २ वटा लागत अनुमान बनाई २ वटा सिल्ड कोटेशनबाट ट्रस भवन निर्माण कार्य गरेको देखियो । मुल भवन सहजिकरणको लागि निर्मित यी २ घर उक्त नियम विपरित प्रक्रियाबाट निर्माण गरेको नियम संगत देखिएन। | २३१४५०३ | गाउँपालिकाको भवन आगलागि भए पछि विद्यालयमा अस्थाई रुपमा दैनिक प्रशासनिक कार्य संचालन गरिरहेकोमा विद्यालय संचालन गर्ने समयमा तत्काल पालिकाको लागि कार्यक्रम व्यवस्थापन गर्नुपर्ने अवस्था सृजना भएको र टेण्डरको माध्यममा निर्माण कार्य गर्दा ढिलाई हुने भएकोले दुई वटा सिल्ड कोटेशन बनाई निर्माण कार्य गरेको र सो कार्यको कार्य सम्पन्न प्राविधिक प्रतिवेदन संलग्न गरि सो बेरुजु रकम गाउँसभाबाट समर्थन हुने गरि फछ्यौंटको लागि पेश |
| | | **आर्थिक वर्ष २०७८।७९** | | |
| 1. | ३३ | **नाफामुलक संस्थालाई सहयोगः**- पालिकाले सार्वजनिक हितको लागि खर्च गर्नु उपयुक्त देखिन्छ । साना किसान कृषि सहकारी भवन निर्माण योजना उ.स. लाई रु २९१००० सहकारी भवन मर्मतको लागि भुक्तानी गरेको नियमसंगत देखिएन। | २९१००० | उक्त सहकारी संस्थासंग पालिकाले कृषिसंग सम्बन्धित विविध कार्यक्रमहरु संचालन गर्नुपर्ने र पालिका भित्रको कृषकहरुले प्रत्यक्ष लाभ लिन सकिने भएकोले उक्त भवन मर्मतको लागि दशौं गाउँसभाबाट बजेट विनियोजन गरि खर्च गरिएकोले सो खर्च रकम गाउँसभाबाट समर्थन हुने गरि पेश |
| 2. | ४० | **अघिल्लो आ.व.को भुक्तानीः**- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावाली, २०७७ को दफा ३९(१५) को विपरित पालिकाले अध्यक्ष टंक बहादुर मोक्तान सहित १० जना अध्यक्षले मिति २०७७/१०/१२ मा भ्रमण गरेको भनि भौ.नं. २९३ र मिति २०७८/१०/१४ मा रु १०७००० भुक्तानी गरेको छऽ पालिकाले अघिल्लो आ.व.को भुक्तानी प्रदान गरेको नियम संगत नदेखिएको रकम रु. | १०७००० | पदाधिकारीहरु विभिन्न समयमा गाउँपालिका भन्दा बाहिर कार्यालयको कामले भ्रमण गरेको तर उक्त आ.व.मा भ्रमण खर्च भुक्तानी गर्न बजेट नभएकोले सो आ.व.मा भुक्तानी नगरि नियमानुसार पाइने भ्रमण खर्च रकम आ.व. २०७८/७९ मा भुक्तानी गरिएकोले उक्त बेरुजु रकम गाउँसभाबाट समर्थन हुने गरि पेश |
| 3. | ६४ | **अदुवा पकेट कार्यक्रमः**- व्यवसायी कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम २०६६ अनुसार प्रथम चरणमा पकेट कार्यक्रम संञ्चालन गरि सोको सन्तोषजनक नतिजा प्राप्त भईसके पश्चात सो पकेट कार्यक्रममा थप वजेट विनियोजन गरि पकेट कार्यक्रमका बाँकी लक्ष्यहरु पुरा गर्न अपरिहार्य ठहर भएको अवस्थामा मात्र व्यवसायी कृषि उत्पादन केन्द्र विकास कार्यक्रमको निरन्तरताको लागि रकम खर्च गर्न सकिने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष ५० प्रतिशत अनुदानमा अधुवा पकेट कार्यक्रम संञ्चालन गरेको भनी गो.भौ.नं. १२६/२०७९/०१/०९ बाट सिद्धार्थ कियाशिल कृषि फर्मलाई रु. ५,८९,०७८.०० भुक्तानी भएको छ जसमा मिनि ट्रेलर अधुवाको विउ र व्याट्री स्पेयर २० सेट वितरण गरेको भरपाईको आधारमा खर्च लेखिएको छ । उक्त पकेट कार्यक्रमको स्थापना कहिले भएको हो, सो पकेट कार्यकम सञ्चालन गरेको उपलब्धि तथा उक्त पकेट कार्यक्रमबाट | ५८९०७८ | गाउँसभाबाट स्वीकृत बजेट तथा कार्यक्रमबाट लाभान्वित जनसामुदायको जिवनस्तरमा सकरात्मक सुधार ल्याई मानव विकास सुचाङ्कलाई सबल बनाउने उद्देश्यले स्वीकृत कार्यक्रममा खर्च गरिएकोले सो खर्चबाट सकरात्मक रुपमा परिवर्तन देखिएकोले सोही कार्यक्रमलाई निरन्तरता दिई खर्च गरिएको हुँदा सो बेरुजु रकम गाउँसभाबाट समर्थन हुने गरि पेश |

कैलाश गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

लोक बहादुर मुक्तान
अध्यक्ष

<table>
<tr><td></td><td></td><td>लाभान्वित जनसमुदायको एकिन नगरिकनै दोस्रो चरणको पकेट कार्यक्रम निरन्तरता वापत रकम भुक्तानी दिई अनियमित भएको रु.</td><td></td><td></td></tr>
<tr><td></td><td>५</td><td>कृषि पकेट कार्यक्रमः- व्यवसायी कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम २०६६ अनुसार प्रथम चरणमा पकेट कार्यक्रम संचालन गरि सोको सन्तोषजनक नतिजा प्राप्त भईसके पश्चात सो पकेट कार्यक्रममा थप वजेट विनियोजन गरि पकेट कार्यक्रमका बाँकी लक्ष्यहरु पुरा गर्न अपरिहार्य ठहर भएको अवस्थामा मात्र व्यवसायी कृषि उत्पादन केन्द्र विकास कार्यक्रमको निरन्तरताको लागि रकम खर्च गर्न सकिने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष बाख्रा कृषि पकेट कार्यक्रमको निरन्तरताको लागि रु. १४,००,०००.०० को लागत अनुमान तयार गरि जनजिविका कृषि फर्मले कुल लागत अनुमानको ५० प्रतिशत र नेपाल सरकारको ५० प्रतिशत रकम लागत साझेदारी हुने गरि सम्झौता भएकोमा उन्नत वोयर जातको बोका १०० प्रतिशतको १ थान रु. २,५०,०००.००, उन्नत जातको पाठी (७५ प्रतिशत)को ४६० के.जी रु. ९,२०,०००.०० र च्याप कटर, ड्रिल मेशिन जाली घेरा वार, मकै दान, औषधि र ढुवानी भाडा समेत गरि रु. १३,८१,३३०.०० को विल भरपाईको आधारमा गो.भौ.नं. १२४/२०७९/०१/०८ बाट जनजिविका कृषि फर्मलाई रु. ७,००,०००.०० भुक्तानी भएकोमा वोयर जातको बोका र पाठीको शुद्धता परिक्षण गरिएको प्रमाणपत्र, निरोगिताको प्रमाणपत्र, विमा गरेको कागजात साथै उक्त पकेट कार्यक्रमको स्थापना कहिले भएको हो, सो पकेट कार्यक्रम सञ्चालन गरेको उपलब्धि तथा उक्त पकेट कार्यक्रमबाट लाभान्वित जनसमुदायको एकिन नगरिकनै दोस्रो चरणको पकेट कार्यक्रम निरन्तरता वापत रकम भुक्तानी दिई अनियमित भएको रु.</td><td>७०००००</td><td>गाउँसभाबाट स्वीकृत बजेट तथा कार्यक्रमबाट लाभान्वित जनसामुदायको जिवनस्तरमा सकरात्मक सुधार ल्याई मानव विकास सुचाङ्कलाई सबल बनाउने उद्देश्यले स्वीकृत कार्यक्रममा खर्च गरिएकोले सो खर्चबाट सकरात्मक रुपमा परिवर्तन देखिएकोले सोही कार्यक्रमलाई निरन्तरता दिई खर्च गरिएको साथै उक्त बेरुजु अङ्क सोही लेखा परीक्षण प्रतिवदनेको दफा नं ५४.३ मा समेत उल्लेख भएको हुँदा सो बेरुजु रकम गाउँसभाबाट समर्थन हुने गरि पेश</td></tr>
<tr><td>5.</td><td></td><td>कोभिड रोकथाम कार्यक्रमः कोभिड-१९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकरणका लागि सिकाई कार्यक्रम संचालन कायाविधि २०७७ अनुसार कोभिड-१९ का कारण विद्यालय क्षेत्रमा पुगेको क्षतीको कारण विद्यालयको सिकाई पढाई सुरु गर्नको लागि विभिन्न सधुारात्मक तथा प्रतिरोधात्मक स्वास्थ्य तथा शैक्षिक कार्यक्रमहरु संचालन गरि रकम खर्च गर्नुपर्ने व्यवस्था अनुरुप खर्च गर्नुपर्नेमा पालिकाले विद्याथी डायरी छपाई ४५०० थान र क्यालेन्डर १००० थान छपाई गरेको भनी गो.भौ.नं. २२९/२०७९/०३/२४ बाट मातृभुमी प्रिन्टिङ सोलसुनलाई रु. ३,९८,८९०.०० भुक्तानी भएको छ। कार्यक्रम उद्देश्य विपरित खर्च लेखि अनियमितता भएको रु.</td><td>३९८८९०</td><td>नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानवस्रोत विकास सानोठिमि, भक्तपुरले प्रकाशन गरेको कार्यक्रम कार्यन्वयन पुस्तिकाको २.५.१४ क्रियाकलाय २.७.२५.६२ बमोजिम कोभिडको समयमा विद्यार्थिलाई सिकाई सहजिकरण गर्ने उद्देश्यले विद्यार्थी डायरी आवश्यकता भएकोले सो छपाई गरेको उक्त बेरुजु रकम गाउँसभाबाट समर्थन हुने गरि पेश</td></tr>
<tr><td>6.</td><td>८९</td><td>थप व्यायभारः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(१) अनुसार सार्वजनिक निकायले निर्माण कार्यको स्वीकृत लागत अनुमान तयार गरि सोको आधारमा निर्माण कार्यको भुक्तानी दिनु पर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष मेशिनको प्रयोग गरि निर्माण कार्य गर्नको लागि विभिन्न दर तोकी निर्माण कार्य गराएकोमा उपभोक्ता समिति मार्फत कार्य गराउदा जनश्रमदानको वापतको भाग देखाउने भनी मेशिन प्रयोग गरेको कार्यमा समेत मान्छेले कार्य गरेको भनी म्यानूयल दर राखी वढी रकम भुक्तानी भएको छ। मेशिनद्धार कार्य गराई म्यानूयल दरको आधारमा भुक्तानी हुँदा पालिकालाई थप व्यभार पारेको रु.
<table>
<tr><th>गो.भौ.नं. र मिति</th><th>उ.स. को नाम</th><th>निर्माण कार्य</th><th>स्वीकृत दर</th><th>भुक्तानी दर</th><th>परिमाण</th><th>वढी भुक्तानी</th></tr>
<tr><td rowspan="2">१२०/ २०७८/१२/ २३</td><td rowspan="2">वेतनी भञ्ज्याङ्ग कोट सुकु भञ्ज्याङ्ग सडक मर्मत उ.स.</td><td>जग खन्ने</td><td>५८.१५</td><td>४१७.१५</td><td>७४</td><td>२६,५७७.००</td></tr>
<tr><td>फर्माको कार्य</td><td>४४०.००</td><td>९८१.९४</td><td>४.३८</td><td>२,३७३.००</td></tr>
<tr><td rowspan="2">१९७/ २०७९/०२/ १७</td><td rowspan="2">घौराङ्ग सडक मर्मत तथा विस्तार उ.स.</td><td>जग खन्ने</td><td>५८.१५</td><td>४१७.१५</td><td>१५</td><td>५,३८५.००</td></tr>
<tr><td>कडा चट्टा कट्ने कार्य (ब्रेकरको विल पेश नभएको साथै निर्माण</td><td>१७६.००</td><td>१०३४.००</td><td>२९९.७</td><td>२,५७,१४२.६</td></tr>
</table></td><td>५७९२५७.६</td><td>उक्त व्यवभार रकम गाउँपालिकाले व्यहोर्ने र आगामी दिनमा थप व्यवभार नपर्ने हिसावले योजनाहरु कार्यन्वयन गर्ने गरि गाउँसभाबाट बेरुजु समर्थन हुने गरि पेश</td></tr>
</table>

लोक बहादुर मुक्तान
अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | कार्यको स्थलगत फोटोमा ब्रेकर नदेखिएको ) | | | | |
| १६८ /२०७९/०१ /२३ | विर्ता कुवा पानी भञ्ज्याङ्ग कृषि निर्माण उ.स. | साधारण माटो कटिङ्ग | ५८.९८ | ७६.०० | ११३८.२ | २,२६,८०८.०० |
| | | साधारण चट्टान कटिङ्ग | १७६.०० | १०३४.०० | ७१ | ६०,९७२.०० |
| जम्मा | | | | | | ५,७९,२५७.६ |

7. ९२ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११५(१) मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तरीय बमोजिमका भए नभएको निरीक्षण गरि भुक्तानी दिनु पर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष विभिन्न सामान खरिद गरि निम्नानुसारको गो.भौ.नं. बाट रकम भुक्तानी भएकोमा सो खरिद गरिएको समाग्रीको गुणस्तर परिक्षण गरेको प्रमाणपत्र पेश गरिएको छैन । गुणस्तर परिक्षण नगरी भक्तानी गरिएको रु.

| गो.भौ.नं. र मिति | खरिद सामानको विवरण | आपूर्तीकर्ता | भुक्तानी रकम |
|---|---|---|---|
| ३/ २०७८/०५/१५ | जस्तापाता खरिद | हाम्रो हार्डवेयर एण्ड सप्लायर्स | १,१६,८१२.०० |
| २३/ २०७८/०५/२२ | जस्तापाता खरिद | गोदावारी आइरन स्टोर्स प्रा.लि. | 20,६५,२५७.०० |
| ७३/ २०७८/०८/२७ | विद्युतिय सामाग्री खरिद | बाबा विद्युतिय भण्डार | 1,९४,१०७.00 |
| जम्मा | | | २२,९६,१७६.०० |

२२९६१७६

स्वीकृत बजेट तथा कार्यक्रमबाट खर्च गरि कैलाश गाउँपालिका भित्रको भौतिक संरचना निर्माण गर्नको लागि आवश्यक जस्तापाता तथा विद्युतीय समाग्री खरिद गरि प्रयोग गरिएको र उक्त मालसामनको गुणस्तर परीक्षण गर्नका लागि दक्ष जनशक्ती नभएकोले सोही समयमा गुणस्तर परीक्षण गर्न नसकेको जानकारी गराउदै सो खर्च रकम गाउँसभाबाट समर्थन हुने गरि पेश।

## आर्थिक वर्ष २०७९/८०

| | | | | |
|---|---|---|---|---|
| १. | २७ | बागमती प्रदेशको स्थानीय सेवा ऐन (गठन तथा सञ्चालन), २०७९ को दफा १६ मा स्थानीय सेवाका कर्मचारीले गर्नुपर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न नपाइने व्यवस्था छ। पालिकाले अधिकृत छैठौंसातौं/, सबइन्जिनियर-, कम्प्युटर अपरेटर, सहायक पाँचौं, सअ.क., असिष्टेन्ट सब इन्जिनियर, सहायक चौथो, सामाजिक परिचालक, हल्का सवारी चालक, कार्यालय सहयोगी लगायतका ४४ पदहरुमा कर्मचारी करार तथा ज्यालादारीमा नियुक्त गरी तलव भत्ता भुक्तानी गरेको पाइयो। ऐनको व्यवस्था विपरीत करार तथा ज्यालादारीमा अधिकृत छैठौंसातौं/, सबइन्जिनियर-, कम्प्युटर अपरेटर, सहायक पाँचौं, सअ.क., असिष्टेन्ट सब इन्जिनियर, सहायक चौथो पदमा २३ कर्मचारी नियुक्त गरी रु. १०२३४०४६।भुक्तानी गरेको - कार्य अनियमित देखिएको रु. | १०२३४०४६ | उक्त पदहरुमा स्थायी पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगमा पत्रचार गरेको तर माग भए बमोजिम स्थायी पदपूर्तिका लागि कर्मचारीहरु सिफारिस नभएको साथै स्थायी नियुक्तिका लागि सिफारिस भएका कर्मचारीहरु पनि निश्चित सेवा अवधि पश्चात भौगोलिक विकटताको कारणले आफ्नो घर पायकका कार्यालयहरुमा सरुवा भई गएको र प्राविधिक कर्मचारीको अभावमा सेवा प्रवाहमा असर पर्न गएकोले स्थायी कर्मचारी पदपूर्ति नहुन्जेल सम्मको लागि करार सेवामा नियुक्ती गरी सेवा प्रवाहको व्यवस्था गरिएको र नयाँ पदपूर्ति भए पश्चात करार सम्झौता रद्ध गरिने व्यवस्था भएकोले उक्त बेरुजु रकम गाउँसभाबाट समर्थन हुने गरि पेश। |
| २. | ४४ | **अमानतबाट कार्यः-** सार्वजनिक खरिद नियमावाली,२०६४ को नियम ९८ मा सार्वजनिक निकायले एक तह माथिको पूर्व स्वीकृति लिई एक लाख रुपैंयामा नबढाई खण्ड खण्ड गरि वार्ताबाट वा निर्माण सम्बन्धी काममा आवश्यक निर्माण सामाग्री उपलब्ध गराई ज्यालामा उपलब्ध गराई अमानतबाट निर्माण कार्य गराउन सकिने व्यवस्था छ। कार्यालयले विपद व्यवस्थापन कोषबाट खर्च हुने गरि | ३६६५०२ | सो कार्य वर्षादको समयका विभिन्न स्थानमा गर्नुपर्ने र समयमा नै नगर्दा विपदको प्रभावबाट ज्यान धनको क्षति हुन सक्ने भएकोले छोटो समयमा विभिन्न स्थानमा मर्मत सम्भार गरि उच्च |

कैलाश गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मकवानपुर नेपाल

लोक बहादुर मुक्तान अध्यक्ष

| | | | |
|---|---|---|---|
| | नियमावाली विपरित अमानतबाट विभिन्न निर्माण कार्य गराई छठु शाहलाई एक तह माथिको पूर्व स्वीकृति नलिई निर्माण कार्य गराउन सकिने रकम भन्दा बढी रकमको निर्माण कार्य गराई रु ३६६५०२/- भुक्तानी दिएको कार्य अनियमित देखिएको रकम रु | | जोखिमबाट बचाउनको लागि अमानतबाट गरिएकोले उक्त बेरुजु रकम गाउँसभाबाट समर्थन हुने गरि पेश। |
| २ | **स्लाइसिङः**- सार्वजनिक खरिद नियमावाली २०६४ को नियम ३१ मा सार्वजनिक निकायले बीस लाख रुपैया भन्दा बढि लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुल्ला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले प्रशासकीय भवन र १० बेड अस्पतालको बीचमा पर्खाल लगाउने काम रु २५ लाखको ३ वटा तपशिल बमोजिमको लागत अनुमान बनाई सिल्ड कोटेशनबाट पर्खाल लगाउने कार्य गरेको देखियो। मुल पर्खाल निर्माण सहजिकरणको लागि निर्मित ती ३ पर्खाल नियम विपरित प्रक्रियाबाट निर्माण गरेको नियमसम्मत देखिएन। | २४१२२६६ | गाउँकार्यपालिकाबाट बजेट विनियोजन भएको लगतै गाउँपालिकाको भवनको तल्लो भाग र स्वास्थ्य चौकीको माथिल्लो भाग पर्ने सिमानामा वर्षातको कारण बढि पहिरोको जोखिम बढेकोले उक्त समयमा ठेक्का बन्दोदस्त तर्फ गर्दा थप जोखिम भई गाउँपालिकाको भवनको प्राङ्गाण पुरै भत्किएर स्वास्थ्य चौकीमा समेत बाढिले ठुलो जनधनको क्षति हुने देखि उक्त बेरुजु रकम गाउँसभाबाट समर्थन हुने गरि पेश। |

| क्र.सं. | गो भौ नं र मिति | कार्य विवरण | लागत अनुमान | फर्म/कम्पनी को नाम | सम्झौता रकम | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| 1 | ७-०७९/५/१४ | स्वास्थ्य चौकी भवनको तल्लो मेसोनरी वाल निर्माण | 998593.37 | ॐअटुट कन्स्ट्रक्सन | 967999 | 878908 |
| 2 | ९-०७९/५/१४ | स्वास्थ्य चौकी भवनको लामो मेसोनरी वाल निर्माण | 998593.37 | सेतिदेवि कन्स्ट्रक्सन | 967999 | 878908 |
| 3 | ११-०७९/५/१४ | स्वास्थ्य चौकी भवनको लामो मेसोनरी वाल निर्माण | 496116.45 | एस एम कन्स्ट्रक्सन | 476268 | 432434 |
| कुल | | | | | २४१२२६६ | २१९०२५० |

| | | | |
|---|---|---|---|
| ६७ | स्वास्थ्य सेवा विभागले तयार गरेको स्थानीय तह कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९।८० अनुसारको व्यवस्थापन कार्यक्रम अन्तर्गतको स्वास्थ्य सूचना साथै आइ एम यू सुदृढीकरण कार्यक्रम अन्तर्गत स्वास्थ्य शाखाले आर्थिक वर्षको सुरुवातमा नै इन्टरनेट सेवाको लागि वार्षिक ३५ हजार रुपैया खर्च गर्नुपर्ने साथै बाँकी रु.३० हजार स्वास्थ्य शाखाको प्रत्येक महिना हुने नियमित बैडकमा खाजा र चिया खर्च गर्न सक्ने व्यवस्था छ । साथै कोभिड १९ भ्याक्सिनको डिजिटाइजेसन तथा क्यू आर कोड प्रमाणिकरण कार्यक्रम गर्दा पालिका एवं स्वास्थ्य संस्थामा रेकर्डिङ्ग रिपोर्टीङ्गमा संलग्न कर्मचारीहरुलाई HMIS Recording/Reporting Tools सम्बन्धी ३ दिने तालिम दिने व्यवस्था छ । कार्यक्रम कार्यान्वयन मार्गदर्शनमा स्पष्ट रुपमा तोकिएका कार्य नगरी निम्न फर्मबाट स्टेशनरी तथा कार्यालय सामाग्री खरिद गरेको कार्य नियमअनुसार नभएको रु. | १२८७३९ | कोभिड १९संग सम्बन्धित कार्यक्रम स्वास्थ्य कार्यालय मकवानपुरले आयोजना गरेको र कोभिड १९ भ्याक्सिनको डिजिटाइजेशन तथा क्यू आर कोड प्रमाणिकरणको समिक्षाहरू स्वास्थ्यकर्मीहरुको मासिक बैठक बसेको समयमा सोहि कार्यक्रमसंगै संचालन गरेको हुँदा उक्त बैठकमा उपस्थित स्वास्थ्यकर्मीहरुलाई खाजाको भुक्तानि मासिक समिक्षा शीर्षकबाट भुक्तानी गरेको र क्यू आर कोड प्रमाणीकरण गरिसकेपछि क्यू आर कोड प्रिन्ट गर्नका लागि राम्रो प्रिन्टरको आवश्यक परेको हुनाले सो शिर्षक बाट १ थान प्रिन्टर खरिद गरी सोही कार्यक्रमको लागि प्रयोग गरिएको भनि स्वास्थ्य शाखाबाट पेश भएकोले उक्त बेरुजु रकम गाउँसभाबाट समर्थन हुने गरि पेश। |

| गो.भौ.नं./मिति | फर्मको नाम | बिजक नं/मिति | विवरण | रकम |
|---|---|---|---|---|
| ४७०/२०८०।३।२४ | बागमती ट्रेडर्स एण्ड सप्लायर्स, हेटौंडा | ०४९/२०८०।३।१३ | क्यानन प्रिन्टर १ थान | ३०००० |
| | | ०२७/२०८०।२।१४ | स्टेशनरी खरिद | ९८७३९ |
| जम्मा | | | | १२८७३९ |

लोक बहादुर मुक्तान
अध्यक्ष

<u>निर्णय नं. ६</u> गाउँ कार्यपालिकाको विभिन्न मितिमा बसेको बैठकको निर्णयबाट अत्यावश्यक भई देहायका योजना तथा कार्यक्रमहरुमा गाउँपालिकाको भैपरी आउने पूँजीगत तथा आन्तरिक स्रोतबाट बजेट विनियोजन गरेको हुँदा उक्त योजना तथा कार्यक्रमहरु गाउँ सभाबाट अनुमोदन गर्ने निर्णय गरियो।

<u>तपसिलः</u>

| सि.नं. | योजना तथा कार्यक्रम | विनियोजित बजेट |
|---|---|---|
| १ | नामटार स्वास्थ्य चौकीको भवन निर्माण, कैलाश-९ (ठेक्का नं. KRM/CNHP/BN-12/2078/79 श्री पाण्डव कन्ट्रक्सन कम्पनी प्रा.लि., हेटौडा-४) | रु १३८०००० |
| २ | सानुडाँडाखर्क-कैलाश बैकुण्ठ सडक तथा बैकुण्ठ-खोलाखर्क- छ्याङ्दुङ्ग र सानुडाँडाखर्क-छ्याङ्दुङ्ग सडक खण्ड, कैलाश- २ | रु २३७००० |
| ३ | डाँडाखर्क प्रहरी चौकी भवनमा फलामे भर्याङ्ग निर्माण, कैलाश-१ | रु १००००० |
| ४ | भार्ता सानुडाँडाखर्क कैलाश बैकुण्ठ सडक निर्माण योजना, कैलाश- ८ र २ | रु ४५००००० |
| ५ | कुवापानी नामटार वडा कार्यालय घैराङ सडक निर्माण, कैलाश- ९ | रु १७००००० |
| ६ | वेतेनी गिम्दी आम्डाँडा थाक्ले सडक निर्माण योजना, कैलाश- १० र ३ | रु ४२००००० |
| ७ | किर्तिमान डाँडा हुँदै गापा भवन जोड्ने सडक योजना, कैलाश-३ | रु ९६५००० |
| ८ | ज्येष्ठ नागरिकका लागि व्ल्याङ्केट तथा हर्लिक्स खरिद | रु २५०००० |
| ९ | श्री धुवाङ मावि निजी स्रोत शिक्षक तलव, कैलाश-८ | रु २००००० |
| १० | प्रशासनिक भवनमा भोल्टेज कन्ट्रोलर खरिद | रु ६४००७० |
| ११ | नवीकरण ऊर्जा (वडाहरुमा नयाँ सोलार प्यानल जडान तथा मर्मत) | रु ३००००० |
| १२ | गुसेश्वर मेला व्यवस्थापन, कैलाश-१ र २ | रु ८०००० |
| १३ | नामटार स्वास्थ्य चौकी भवन निर्माण, कैलाश-९ (ठेक्का नं. KRM/CNHP/BN-012/2078/79 श्री ताण्डव कन्ट्रक्सन कम्पनी प्रा.लि.) | रु ११००००० |
| १४ | आईबुङ सडक मर्मत, कैलाश-२ | रु १५०००० |
| १५ | स्यार्से कालिका मन्दिर संरक्षणका लागि पर्खाल निर्माण, कैलाश-९ | रु १२०००० |
| १६ | विद्युत वाईरिङ्ग, वडा नं. ८ (वडा कार्यालय, प्रसुती गृह, नागरिक आरोग्य केन्द्र) | रु १८४००० |
| १७ | कुवापानी नामटार वडा कार्यालय घैराङ्ग सडक, कैलाश-९ (पूँजीगत बाट रु १ लाख थप गरेकको) | रु १००००० |
| १८ | नयाँ कर्मचारी आवास भवनको नाला निर्माण | रु १००००० |
| १९ | शौचालय सेफ्टी ट्यांकी निर्माणः प्रकृति आवि, कैलाश- ५ | रु ८५००० |
| | कुल जम्मा | रु १४८२७०७० |

कैलाश गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

लोक बहादुर मुक्तान
अध्यक्ष